राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today

National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक १३४ | २०८२ माघ १४ गते बुधवार | (Wednesday, 28 Jan., 2026) | पृष्ठ ४ | मुल्य रु. ५

### महोत्तरी–२ मा वर्चस्व जोगाउने रस्साकस्सी

# १९ पटक मन्त्री बनेका भण्डारीलाई नयाँले दिँदैछन् चुनौती

**पछिल्लो समय देखिएको राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह(बालेन)को क्रेज र वैकल्पिक राजनीतिक शक्तिप्रतिको आकर्षणले मधेशमा यसपटक चुनावी नतिजामा अप्रत्याशित उलटफेर ल्याउन सक्ने उनीहरुको आकलन छ ।**







**विजय कुमार सिंह**

**बर्दिबास, माघ १३ गते ।**

आसन्न प्रतिनिधिसभा निर्वाचन नजिकिँदै जाँदा महोत्तरी निर्वाचन क्षेत्र नम्बर-२ को राजनीतिक सरगर्मी तीव्र बन्दै गएको छ । पटक-पटक सत्ता र संसदको यात्रा गरिसकेका पूर्वमन्त्री शरतसिंह भण्डारी फेरी चुनावी मैदानमा उत्रिएसँगै यो क्षेत्रको प्रतिस्पर्धा फेरि एकपटक पुरानै अनुहार र नयाँ शक्तिहरुबीच केन्द्रित भएको छ ।

जनता समाजवादी पार्टी नेपालका तर्फबाट उम्मेदवार बनेका भण्डारीका लागि यो निर्वाचन जित-हारको प्रश्न मात्र नभई लामो समयदेखि कायम रहेको आफ्नो राजनीतिक वर्चस्व जोगाउने चुनौती पनि हो । १९ पटक मन्त्री भइसकेका भण्डारी मधेश केन्द्रित राजनीतिमा अनुभवी र प्रभावशाली नेताका रुपमा चिनिन्छन् । तर, पटक-पटक एउटै अनुहार चुनावी मैदानमा दोहोरिनु आफैंमा मतदातामाझ प्रश्न र अपेक्षा दुवै बढाउने कारण बनेको छ ।

यस निर्वाचन क्षेत्रमा नेपाली कांग्रेसले किरण यादव र नेकपा एमालेले कासिम नदाफलाई उम्मेदवार बनाएर अघि सारेका छन् । यादव र नदाफ दुवै भण्डारीका पुराना प्रतिस्पर्धी हुन् । यसले महोत्तरी-२ को निर्वाचनलाई 'पुरानै त्रिकोणात्मक प्रतिस्पर्धा' तर्फ धकेलेको देखिन्छ ।

२०७४ सालको निर्वाचन परिणाम हेर्दा भण्डारीको पकड बलियो देखिएको थियो । तत्कालीन राष्ट्रिय जनता पार्टी (राजपा) का तर्फबाट उम्मेदवार बनेका उनले कांग्रेसकी किरण यादवलाई १६ हजार ७४८ मतको फराकिलो अन्तरले पराजित गरेका थिए । त्यस निर्वाचनमा भण्डारीले ३० हजार ७२२ मत ल्याउँदा यादव १३ हजार ९७४ मतमा सीमित भएकी थिइन् । यो परिणामले भण्डारीको व्यक्तिगत प्रभाव र पार्टी संगठन दुवै सबल रहेको संकेत दिएको थियो ।

त्यही निर्वाचनमा माओवादी केन्द्रका तर्फबाट उम्मेदवार बनेका कासिम नदाफले ३ हजार मत प्राप्त गरेका थिए । यद्यपि त्यतिबेला कमजोर देखिएको नदाफको मत आधारलाई यसपटक नेकपा एमालेको बलियो संगठन र राष्ट्रिय राजनीतिमा देखिएको ध्रुवीकरणले कति प्रभाव पार्छ भन्ने चासोको विषय बनेको छ । एमालेले नदाफलाई उम्मेदवार बनाएर मैदानमा उतार्नु भनेको मधेशमा आफ्नो आधार विस्तार गर्ने रणनीतिक प्रयासका रुपमा पनि हेरिएको छ ।

२०७९ सालको निर्वाचनमा भने परिस्थिति केही फरक थियो । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) बाट उम्मेदवार बनेका भण्डारीले कांग्रेस, माओवादी केन्द्रसहितको तत्कालीन पाँचदलीय गठबन्धनको समर्थन पाएर पुनः जित निकाले । उनले २५ हजार १९० मत प्राप्त गर्दा उनका निकटतम प्रतिद्वन्द्वी तराई मधेश लोकतान्त्रिक पार्टीका विजयकुमार सिंह ११ हजार १२० मतमा सीमित भएका थिए । एमालेका उम्मेदवार रामपरीक्षण यादवले १० हजार २५८ मत ल्याएका थिए । यसले गठबन्धनको समर्थन भण्डारीको जितमा निर्णायक रहेको स्पष्ट संकेत गरेको थियो ।

यसपटकको निर्वाचनमा भने गठबन्धनको समीकरण फेरिएको छ । २०७९ मा भण्डारीका मुख्य प्रतिस्पर्धी रहेको तराई मधेश लोकतान्त्रिक पार्टी अहिले भण्डारी आबद्ध जनता समाजवादी पार्टी नेपालमै समाहित भइसकेको छ । यसले भण्डारीको मत आधार थप सुदृढ हुनसक्ने अनुमान गरिए पनि गठबन्धन नहुँदा स्वतन्त्र मतदाताको झुकाव कतातिर जान्छ भन्ने प्रश्न अझै खुला छ ।

यसैबीच, मुख्य दलका उम्मेदवारसँगै नयाँ दल तथा स्वतन्त्र प्रवृत्तिका उम्मेदवारहरूको उपस्थितिले प्रतिस्पर्धालाई थप जटिल बनाएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार दीपक कुमार साह, नेपाली कम्युनिष्ट पार्टीका लक्ष्मण कुमार यादव र राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका रामलखन साह कानुलगायत उम्मेदवारहरुले परम्परागत दलहरूको मत आधारमा 'कट' लगाउने सम्भावना रहेको स्थानीय राजनीतिक जानकारहरु बताउँछन् ।

विशेषगरी मधेशमा पछिल्लो समय देखिएको काठमाडौं महानगरपालिकाका निवर्तमान मेयर तथा राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह(बालेन)को 'क्रेज' र वैकल्पिक राजनीतिक शक्तिप्रतिको आकर्षणले मधेशमा यसपटक चुनावी नतिजामा अप्रत्याशित उलटफेर ल्याउन सक्ने उनीहरुको आकलन छ ।

**न्युज फलोअप**

## अस्पतालबाटै शव साटिएको घटना छानबिन गर्न समिति गठन

**सिरहा, माघ १३ गते ।**

सिरहाको लहानस्थित रामकुमार शारडा उमाप्रसाद मुरारका प्रादेशिक अस्पतालमा 'परीक्षण'का लागि राखिएको शव साटिएको घटना छानबिनका लागि पाँच सदस्यीय समिति गठन गरिएको छ । इलाका प्रशासन कार्यालय लहानका प्रमुख वेदनिधि खनालको संयोजकत्वमा समिति गठन गरिएको हो ।

प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले शव साटिएपछि उत्पन्न विवाद र स्थानीयको आन्दोलनका कारण उत्पन्न तनावलाई मध्यनजर गर्दै घटनालाई गम्भीरतापूर्वक लिएर अनुसन्धानका लागि समिति गठन गरिएको बताए ।



**पोस्टमार्टमका लागि राखिएको शव साटासाट**

**एउटाको दाहसंस्कारपछि खुल्यो रहस्य**

द पब्लिक टुडे समाचारदाता
गौशाला, माघ १२ गते ।
सिरहाको गोलबजार नगरपालिका-३, जम्दहमा १६ वर्षीया किशोरीको मृत्युपछि पोस्टमार्टमका लागि पठाइएको शव अस्पतालबाटै साटासाट भएको तथ्य बाहिरिएको छ । अस्पतालबाटै मृतकको शव हेरफेर प्रकरणले अस्पतालको गम्भीर लापरवाही र गैरजिम्मेवारी उजागर गरेको छ । एकै दिन पोस्टमार्टमका लागि ल्याइएका दुई किशोरीमध्ये शव साटिएर दाहसंस्कारसम्म गरिएको घटना सार्वजनिक भएपछि अस्पताल प्रशासनमाथि गम्भीर प्रश्न उठेका छन् ।
माघ १० गते शनिबार गोलबजार नगरपालिका-३, जम्दह निवासी पूर्णबहादुर बानियाँकी करिब १६ वर्षीया छोरी निशा आफ्नै घरमा झुन्डिएको अवस्थामा मृत फेला परेकी थिइन् । घटनापछि इलाका प्रहरी कार्यालय गोलबजारले आवश्यक मुचुल्का प्रक्रिया पूरा गरी शव पोस्टमार्टमका लागि रामकुमार शारदा उमा प्रसाद मुरारका प्रादेशिक अस्पताल, लहान पठाएको थियो ।
उही दिन पोस्टमार्टमका लागि सप्तरीको खडक नगरपालिका-१, करौंना निवासी १६ वर्षीया राधिका साहको शव पनि सोही अस्पताल ल्याइएको थियो । दुवै शव अस्पतालमा राखेर पोस्टमार्टम प्रक्रिया अघि बढाइएको थियो । तर पोस्टमार्टमपछि गम्भीर त्रुटि भएको खुलासा भएको छ ।
पोस्टमार्टम सम्पन्न भएपछि एउटा शव बाहिर निकालियो, जुन राधिकाको शव भन्दै उनका आफन्तले बुझेर दाहसंस्कारका लागि लगे । तर पछि त्यो शव राधिकाको नभई निशाको भएको पुष्टि भएको हो । यसरी शव पहिचानमा भएको गम्भीर लापरवाहीका कारण निशाको शव राधिकाका परिवारले दाहसंस्कार गरेका थिए ।
शनिबार नै शव अस्पताल पुर्‍याए पनि प्रहरीले निशाका परिवारका सदस्य उपस्थित भएपछि मात्र आवश्यक प्रक्रिया अघि बढाइने जनाएको थियो । निशाका आमा-बुबा रोजगारीका सिलसिलामा भारतको मुम्बइमा रहेकाले उनीहरू सोमबार बिहान मात्र नेपाल आइपुगेका थिए । त्यसपछि दिउँसो करिब १
- बाँकी पृष्ठ ३ मा

उनले भने, "इलाका प्रशासन कार्यालय लहानका प्रमुखको संयोजकत्वमा मृतकका काका, अस्पतालका विशेषज्ञ चिकित्सक, सम्बन्धित वडाका अध्यक्ष र प्रहरी निरीक्षक सहभागी रहने गरी पाँच सदस्यीय छानबिन समिति गठन गरिएको छ । घटनाको निष्पक्ष र प्रभावकारी छानबिनका लागि अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा रन्जित झालाई केही समयका लागि बिदामा बस्न र शवगृहका कर्मचारीलाई जिम्मेवारीबाट हटाउन निर्देशन दिइसकेका छौँ ।"

गत शनिबार आत्महत्या गरेको भनिएकी गोलबजार नगरपालिका-३ की १६ वर्षीया निशा बानियाँको शव परीक्षणका लागि अस्पतालमा राखिएको थियो ।

सोही समयमा सप्तरीकी अर्की एक समान उमेरकी किशोरी राधिकाकुमारी साहको शव पनि परीक्षणका लागि अस्पतालमा राखिएको अवस्थामा अस्पतालले झुक्किएर निशाको शव राधिकाको परिवारलाई बुझाएको थियो । परिवारले आइतबार नै शवको अन्त्येष्टि गरिसकेका छन् ।

सोमबार निशाका बुबा पूर्णबहादुर बानियाँ शव लिन पुग्दा मात्रै शव साटिएको रहस्य खुलेको हो ।

## गौशाला नगरपालिकामा तालाबन्दी



**द पब्लिक टुडे समाचारदाता**

**गौशाला, माघ १३ गते ।**

महोत्तरीको गौशाला नगरपालिकामा तालाबन्दी गरिएको छ । गत आर्थिक वर्षमा सम्पन्न योजनाको भुक्तानी रोक्का गरिएको र चालु आर्थिक वर्षको योजना बाँडफाँडमा असमान व्यवहार गरिएको भन्दै मंगलबार वडा नं. १ का वडाध्यक्ष नविन साहको नेतृत्वमा नगरपालिका पुगेका स्थानीयले तालाबन्दी गरेका हुन् ।

उनीहरुले नगरप्रमुख डा. दिपेन्द्र महतो तथा प्रमुख प्रशासकीय अधिकृत ओमबहादुर अधिकारीको कार्यकक्षमा ताल्चा लगाएका छन् । तालाबन्दीका कारण नगरपालिकाको नियमित प्रशासनिक कामकाज प्रभावित भएको छ ।

वडाध्यक्ष साहले गत वर्षमै सम्पन्न वडास्तरीय योजनाको

*- बाँकी पृष्ठ ३ मा*

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
– सन्त 'व्यथित'

## सम्पादकीय............

# जेनजीको सन्देश र अबको निर्वाचन

आगामी फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा निर्वाचन सामान्य चुनाव होइन।यो निर्वाचन देशले पछिल्ला वर्षहरुमा भोगेको राजनीतिक अस्थिरता, सत्तास्वार्थ, सडक आन्दोलन र राष्ट्रिय संकटको प्रत्यक्ष नतिजा हो । भदौ २३ र २४ गते देखिएको जेनजी आन्दोलनले पुरानै राजनीतिक संस्कार अब अस्वीकार्य भएको स्पष्ट सन्देश दिएको थियो ।

जेनजी आन्दोलन कुनै आकस्मिक विस्फोट थिएन । त्यो विगतको निर्वाचन परिणाम, अस्थिर सरकार, सत्तास्वार्थ, बहिष्करण र राजनीतिक अनैतिकताको विरुद्ध उठेको सामूहिक असन्तोष थियो । ७६ नागरिकले ज्यान गुमाउनुपरेको पीडादायी घटनाले देशलाई गहिरो आत्ममन्थन गर्न बाध्य बनायो । युवाहरु केवल सत्ताको आलोचना गर्न सडकमा उत्रिएका थिएनन् । उनीहरुले पारदर्शिता, जवाफदेहिता र नैतिक राजनीतिका नयाँ मापदण्ड मागेका थिए । तर अहिले सार्वजनिक भएका उम्मेदवार सूची हेर्दा राजनीतिक दलहरुले त्यो सन्देश गम्भीरतापूर्वक सुनेको देखिँदैन । निर्वाचन आयोगले संसद्मा कम्तीमा ४० प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित गर्न आग्रह गर्दा पनि प्रमुख दलहरुले त्यसलाई औपचारिकतामा सीमित गरे । १ सय ६५ निर्वाचन क्षेत्रमध्ये अधिकांश दलले महिलालाई न्यून संख्यामा मात्र उम्मेदवार बनाएका छन् । समावेशिता र समान प्रतिनिधित्वका प्रतिबद्धता अझै पनि भाषण र दस्तावेजमै सीमित देखिन्छन् ।


यसले के स्पष्ट पार्छ भने जेनजी आन्दोलनले उजागर गरेको मूल समस्या 'पुरानै शक्ति संरचना र बहिष्करणको राजनीति' अझै गहिरोसंग जरा गाडेर बसेको छ । परिवर्तनको दबाब हुँदाहुँदै पनि दलहरु आत्मसमीक्षा र रुपान्तरणको साहस देखाउन संकोच मानिरहेका छन् । यद्यपि परिवर्तनको जिम्मेवारी राजनीतिक दलहरुमा मात्र सीमित छैन । अब निर्णायक भूमिका सचेत मतदाताको हातमा छ । विवेकी मत प्रयोग गरेर मात्र गैरजवाफदेही राजनीति,असमान प्रतिनिधित्व र पुरानै संस्कारलाई निरन्तरता दिने प्रवृत्तिमा विराम लगाउन सकिन्छ ।

यस अर्थमा, यो निर्वाचन विगतका गल्ती दोहोर्‍याउने कि समावेशी, न्यायपूर्ण र उत्तरदायी राजनीतिको नयाँ अध्याय सुरु गर्ने भन्ने निर्णयको घडी हो । जेनजी आन्दोलन, राष्ट्रिय संकट र जनआक्रोशले दिएको चेतावनीलाई बेवास्ता गर्ने हो भने त्यसको मूल्य फेरि देशले चुकाउनुपर्नेछ । अब मतदाताले आफ्नो मतमार्फत स्पष्ट सन्देश दिनुपर्ने समय आएको छ । मौजुदा राजनीति बदलिनैपर्छ ।

## राशिफल

मेष - यात्राको योग छ ।
वृष - मान सम्मान बढ्नेछ ।
मिथुन - भोजनको आनन्द प्राप्त हुनेछ ।
कर्कट - यश लिने अवसर प्राप्त हुनेछ ।
सिंह - मान-सम्मान आदि पाइनेछ ।
कन्या - भेटघाट गर्ने अवसर प्राप्त हुनेछ ।
तुला - रचनात्मक कार्य शुभारम्भ गर्न सकिनेछ ।
वृश्चिक - काममा साथ दिनेहरू बढ्नेछन् ।
धनु - अर्थअभाव देखा पर्नेछ ।
मकर - फाइदा हुने काम प्रारम्भ हुन सक्छ ।
कुम्भ - साझेदारी र सट्टापट्टामा लाभ मिल्नेछ ।
मिन - चिताएका काम सम्पादन हुनेछन् ।

# प्रश्नबाट किन भागिरहेका छन् बालेन ?




**–राजन कुइँकेल**

देशलाई चुनाव लागेको छ । दललाई धेरै र अलिक अलिक जनतालाई । यस पटकको चुनाव भ्रमपूर्ण हल्ला र सूचनाबाट लपेटिने खतरा छ । उसै पनि यो देश कवि भूपी शेरचनले भनेझैं 'हल्लैहल्ला' को हो । 'कागले कान लग्यो भन्दा कान नछामी कागको पछि दगुर्ने' जमातको बाहुल्य भएको समाजमा जसले बढी हल्ला, कूप्रचार र भ्रम फैलाउन सक्यो उसैले बाजी मार्दछ । 'बोल्नेको पिठो बिक्ने र नबोल्नेको चामल नि नबिक्ने' र कुहिने समाजमा यस्तो हुनु स्वभाविक पनि हो । यस पटकको निर्वाचनमा यो हल्ला र भ्रमको फैलावट निकै ठूलो र एकोहोर्‍याउने हुनेछ । विभिन्न सामाजिक सञ्जाल, एआई लगायत पछिल्ला प्रविधिको व्यापक दुरुपयोग, एल्गोरिदमको खेलले चुनावी नतिजालाई असर पार्ने निश्चित छ । जो वा जुन समूहले पछिल्ला प्रविधिलाई बढी दुरुपयोग गर्न सक्छ उसलै जनताको मन र मत कब्जा गर्नेछ ।

निर्वाचनमा मुखुण्डो ओढेका विभिन्न पात्र र प्रवृत्ति देखिने छ । देखिन थालिसकेको छ । नयाँ, पुराना वा अधमेस्रो जे नाम दिनोस्, तिनको पहिलो र मूल लक्ष्य मतदातालाई प्रभावित तुल्याउनु नै हो । अब बेच्न धोक्राका सातु नभए पनि बोक्रामा लेपन त छँदैछ । आमसर्वसाधारण र भुइँमान्छेका समस्याभन्दा झिल्के मुद्दाले प्राथमिकता पाउने छ । मुद्दाभन्दा मुहार केलाउने मतदाता भएको समाजमा झिल्केहरूले बेच्ने पनि त त्यस्तै विषय न हुन् । अझ माथिदेखि तलसम्म सिधा चिरा परेको समाजमा जसले जे भने पनि त्यसमा विभाजित हुनु कुन नौलो भयो र ?

२३/२४ भदौपछि नेपाली समाजमा झन् बढी दरार बनेको छ । अथवा, बनाइएको छ, जे भनौं । नेपालीबीचको भ्रातृत्व प्रेम सकिएझैं छ । एकले अर्कालाई अपराधीकरण गर्न खोज्छ । अपराधमा संलग्नलाई हेर्ने दृष्टिकोण होइन, स्वार्थ र उन्मुक्तिलाई अगाडि राखेर तर्कहरू सुनिन्छन् । निष्पक्ष आवाज या त सुनिन्न या महत्व नै दिइन्न । किनारामा धकेलिन्छ । सत्ताबाट मिल्काइएका र सत्ता कब्जाका लागि तयार गरिरहेकाहरू बीचको लाञ्छना त्यसैको वरिपरि छ । त्यो मिति देखाएर मतमतिएका र भुतभुतिएकाहरूको 'अर्जुनदृष्टि' फगत सिंहदरबारको शक्ति कब्जामा सीमित छ । दूर्भाग्य ती दिन मारिएका, घाइते भएका, लुटिएका, जलाइएका, कुटिएका, भुटिएकाहरूको न्यायबारे कोही बोल्दैन । दण्ड र न्याय कुन चराको नाम हो पत्तो छैन ।

मिल्किएकाहरू २४ भदौको घटनालाई अतिरञ्जित गर्दै दण्डको माग गरिरहेका छन् । उनीहरू २३ गते मारिएका होनाहार युवाको रगतबारे बोल्न चाहँदैनन् । सत्ताको बन्दुकले निमोठेको जीवन तिनका लागि फगत संख्या हो । मृत्यु गणना गर्ने गणितको संख्या ।

उसैगरी मिल्काउनेहरू पनि २३ भदौमा मात्र सीमित छन् । २३ को हत्यामा संलग्न अपराधी । तर, २४ गते देशको ऐतिहासिक सम्पदा, धरोहर, सार्वजनिक र निजी सम्पत्ति नष्ट गर्नेहरू निरापराध । उन्मुक्ति उनीहरूको सार छ । यही ब्याख्या र भाष्य निर्माणमा समय खर्चिरहेका छन् । के त्यही हो यथार्थ ? होइन । त्यसैले, न्याय खोज्नेहरूले एकस्वरले भन्नुपर्दछ, 'तिम्रा सत्ताका लागि मारिएका र विध्वंश गराइएका सबैका निम्ति समान रूपमा न्याय सुनिश्चित गरिनुपर्दछ । हाम्रा लागि दण्डहीनता चाहे २३ को होस् वा २४ को दुवै अस्वीकार्य छ ।' यो दण्डहीनताको दौरा समातेर फेरि उसैगरी बिचौलिया र कालाबजारीहरूले आफ्नो यात्रा थालिसकेका छन् । बिचौलियाबेष्टित शासनबाट वाक्क भएका जनताको आक्रोश देखेका केही पात्र सुस्त सल्बलाहटमा रहँदा केही तन्किसकेका छन् । भदौरे विद्रोहमा अनेकन आशंकाबाट घेरिएका र विपक्षीबाट प्रहार व्यहोरिरहेका काठमाडौं महानगरपालिकाका पूर्वमेयर बालेन्द्र शाह (बालेन) अहिले त्यस्तै स्वार्थ समूहको घेरामा परिसकेका छन् । पाँच वर्षका लागि निर्वाचित आफ्नो कर्तव्य र दायित्व भुलेर पद लत्याउँदै प्रतिनिधिसभा निर्वाचनका लागि मैदानमा ओर्लिएका उनीमाथि चासो हुन स्वभाविक हो । शुभचिन्तक, समर्थक र आलोचकले उनका क्रियाकलापमा चासो राख्नु नौलो भएन । तर, मौकापरस्त बिचौलिया र कालाबजारी-साहूमहाजन उनको अभेद्य किल्ला तोडेर निकट भइसकेका रहेछन् । आमसर्वसाधारण लागि दुर्भेद्य मानिने उनीसँगको भेट, स्वार्थी समूहका लागि सहज छ भन्ने देखियो । त्यसैले त राज्यको कमजोरीलाई बल बनाएर अखाद्य वस्तु उत्पादन, बिक्री र त्यसबाट कालोधन थुपारिरहेको एक व्यापारीले उनीमाथि गरेको लगानीको खबरले नेपालीजन आश्चर्यचकित छ । पुराना दल र नेताको सत्ता र शक्तिमाथिको बर्चस्व तोड्ने किरिया खाएर तीन वर्षयता

*- बाँकी पृष्ठ ३ मा*

**महोत्तरी गाँउपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
महोत्तरी, महोत्तरी
मधेश प्रदेश, नेपाल

**प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना**

*(प्रकाशित मिति : २०८२।१०।१४ गते)*

यस कार्यालयद्वारा मिति २०८२/०९/१८ गतेको प्रकाशित ई-बिडिङ सुचना अनुसार पेश भई आएको आर्थिक प्रस्तावहरु अध्ययन गरि हेर्दा तपसिलमा उल्लेखित प्रस्ताव न्युनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ प्रयोजनका लागि सम्बन्धीत सबैको जानकारीका लागि ७ दिने आशयको सुचना प्रकाशन गरिएको व्यहोरा जानकारी गराईन्छ ।


**तपसिल**

| क्र.सं. | कामको विवरण | छनौट भएको संस्थाको नाम | कबुल रकम रू. (भ्याट सहित) |
|---|---|---|---|
| १ | MRM/RM/082/83/SQ-05<br>Ward no. 3 Adhuro swastha chowki, lab bhavan finishing tatha field bybastapan | Jay Maa Bhavani Construction, Mahottari | 15,60,306.63 |
| २ | MRM/RM/GOODS/SQ-01<br>Supply and Delivery of Fabricated steel Parts for madai RatoNadi Steel Truss Trial bridge | Inter tech Pvt Ltd, Butwal | 15,76,806.18 |

*प्रमुख प्रशासकीय अधिकृत*

# भारतमा बालबालिकाको सामाजिक सञ्जाल प्रयोगमा प्रतिबन्धको तयारी

**द पब्लिक टुडे समाचारदाता**
**गौशाला, माघ १३ गते ।**




भारतका गोवा र आन्ध्र प्रदेश राज्यले १६ वर्षभन्दा कम उमेरका बालबालिकालाई सामाजिक सञ्जाल प्रयोगमा प्रतिबन्ध लगाउनेबारे अध्ययन भइरहेको बताइएको छ ।
गोवाका सूचना प्रविधि मन्त्री रोहन खाँटेले राज्य सरकारले अष्ट्रेलियाको कानुन अध्ययन गरिरहेको बताएका छन् ।
उनले सम्भव भएमा १६ वर्षभन्दा कम उमेरका बालबालिकाको सामाजिक सञ्जाल प्रयोगमा प्रतिबन्ध लगाइने जानकारी दिएका छन् ।
त्यस्तै, आन्ध्र प्रदेशका आईटी मन्त्री नारा लोकेशले पनि बालबालिकाको सामाजिक सञ्जाल प्रयोग सीमित गर्ने योजना बनाइँदै गरेको बताएका छन् । उनका अनुसार सानो उमेरका बालबालिकाले सामाजिक सञ्जालमा देखाइने सामग्री राम्रोसँग बुझ्न नसक्ने भएकाले कडा कानुनी व्यवस्था आवश्यक छ ।
यसैबिच, अष्ट्रेलियापछि फ्रान्सले पनि सामाजिक सञ्जाल प्रतिबन्धसम्बन्धी विधेयक पारित गरिसकेको छ । इन्डोनेसिया र मलेसियाजस्ता देशहरू पनि यस्तै कानुन बनाउने तयारीमा छन् । भारतमा यसअघि मद्रास उच्च अदालतले केन्द्र सरकारलाई बालबालिकाको सामाजिक सञ्जाल प्रयोगबारे कडा कानुन बनाउने सम्भावना खोज्न सुझाव दिएको थियो । एजेन्सी

## गौशाला नगरपालिकामा...

भुक्तानी नगरप्रमुखले रोक्का गरेको आरोप लगाए । नगरप्रमुखकै निर्देशनमा भुक्तानी प्रक्रिया लामो समयदेखि आलटाल हुँदै आएको उनले आक्रोश पोखे ।
यस वर्षको योजना बाँडफाँडमा पनि आफ्नो वडामाथि विभेद गरिएको वडाध्यक्ष साहको दाबी छ । 'अन्य सबै वडामा योजना छुट्याएर बजेट विनियोजन गरिएको छ तर हाम्रो वडामा काम गर्न नपाओस् भन्ने नियतले एकमुष्ट बजेट राखिएको छ,' आक्रोश पोख्दै वडाध्यक्ष साहले भने 'कतिपय विषयहरुमा आफूले सचेत गराएकै कारण मेयरले आफूहरुको सिंगो वडामाथि सौताको व्यवहार देखाएको छ ।'
आफ्नो वडासँग गरिएको व्यवहार नसच्याएसम्म तालाबन्दीलाई निरन्तरता दिने उनले चेतावनी दिएका छन् । उनले नगरप्रमुखमा तानाशाही र मनपरीतन्त्र बढेको आरोप समेत लगाएका छन् ।
यता गौशाला नगरपालिकाका प्रमुख डा. दिपेन्द्र महतोले केही योजनामा स्थानीयबाटै व्यापक जनगुनासो आएको कारण भुक्तानी प्रक्रिया रोकिएको प्रतिक्रिया दिए । 'बोरिङको याजनामा त्यस वडाका वडाध्यक्षले किसानहरुसँग रकम असुलेको गुनासो व्यापक आएपछि हामीले भुक्तानीमा कडाइ गरेका हौं । डिप बोरिङका योजनाहरुमा अख्तियारमा पनि मुद्दा छ । त्यसकारण पनि भुक्तानीमा ढिलाई भएको हो,' नगरप्रमुख महतोले भने ।
योजना बाँडफाँडको विषय नगरसभासँग सम्बन्धित रहेकोले त्यसको जवाफ सभाले नै दिने नगरप्रमुख महतोले बताए । उनले बुधबारबाट पालिकाको नियमित कामकाजमा कुनै अवरोध नहुने स्पष्ट पारे ।

## मधेस प्रदेशमा ५८ जना...

क्षेत्र नम्बर ४ बाट २८ वर्षीय राम कल्याण राउतलाई उम्मेदवार बनाएको छ ।
त्यस्तै, श्रम संस्कृति पार्टीले सिरहा निर्वाचन क्षेत्र नम्बर ४ बाट २६ वर्षीय पंकज कुमार ठाकुर र पर्सा क्षेत्र नम्बर १ बाट २८ वर्षीय वसिम शेषलाई उम्मेदवार बनाएको छ ।
नेकपा एमालेले सर्लाही क्षेत्र नम्बर ४ बाट पूर्व सांसद शिवपुजन यादवका छोरा २७ वर्षीय अमनिश कुमार यादवलाई उम्मेदवार बनाएको छ । यस क्षेत्रबाट नेपाली कांग्रेसका सभापति गगन थापा, राष्ट्रिय स्वतन्त्र पार्टीका नेता तथा पूर्व प्रतिनिधिसभा सदस्य अमरेश सिंहलगायतका उम्मेदवार पनि चुनावी प्रतिस्पर्धामा छन् ।
राष्ट्रिय स्वतन्त्र पार्टीले अन्तरिम सरकारमा युवा तथा खेलकुद मन्त्री भइसकेका २८ वर्षीय बब्लु गुप्तालाई सिरहा निर्वाचन क्षेत्र नम्बर १ बाट उम्मेदवार बनाएको छ । यस्तै, नेकपाले बारा निर्वाचन क्षेत्र नम्बर ४ बाट २७ वर्षीय अजय कुशवाहालाई उम्मेदवार बनाएको छ । राष्ट्रिय प्रजातन्त्र पार्टीले सप्तरी निर्वाचन क्षेत्र नम्बर २ बाट २७ वर्षीय अजय कुमार दासलाई उम्मेदवार बनाएको छ भने नेपाल मजदुर किसान पार्टीले सोही क्षेत्रबाट निलम कुमारी यादवलाई उम्मेदवार बनाएको छ ।

### माइग्रेसन हरायो

**घरबाट गौशाला बजार जाने क्रममा मिती २०८२/०९/०२ गते मेरो निम्न व्यहोराको १०+२ (राष्ट्रिय परीक्षा बोर्ड)को माइग्रेसन हराएको हुँदा भेट्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरी बुझाईदिनुहुन अनुरोध छ ।**

**रजिस्ट्रेसन नं. : 771849058**
**नाम : रागनी कुमारी**
**ठेगाना : साविक भरतपुर गा.वि.स–५**
**हाल : गौशाला न.पा.–११, महोत्तरी**
**सम्पर्क नम्बर : ९८१७८७९४८७**

"स्वस्थ दाँत, उज्यालो मुस्कान"का लागि एकमात्र स्थान

# खर्गा दन्त उपचार केन्द्र प्रा.लि.

बर्दिवास–१ सिन्धुली रोड, महोत्तरी
(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)
☎ ९८४४३१२२४६

**डा. गंगाराम खर्गा**
वरिष्ठ डेन्टल सर्जन
BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)

**डाक्टर भेटने समय :**
प्रत्येक दिन बिह(
न ९ बजेदेखि साँझ ५
बजेसम्म



**हामी कहाँ** आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने ।

## प्रश्नबाट किन भागिरहेका...

राजनीतिमा दौडिरहेको, राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट आगामी प्रधानमन्त्रीका उम्मेदवार घोषित उनलाई कालाबजारी बिचौलियाले बोकेको देख्दा स्तब्ध बन्नु अस्वाभाविक होइन । नेपालमै केही संख्यामा मात्र भित्र्याइएको बुलेटप्रुफ (बन्दुकको गोलीसमेत प्रतिरोध गर्नसक्ने) कालो गाडीमा उनको सवारी गरीब जनताको त्राणहारण बन्छौं भन्नेहरूलाई कत्तिको सुहाउँदो विषय होला ?
'अरुले भ्रष्टाचार गरेर करोडौं, अरबौं कुम्ल्याएका त छन् उनले गाडी चढे त चढे' भन्ने कूतर्क गर्नेहरू गुलाम समाजका लागि अन्यथा पनि होइन । तर, जवाफदेही र पारदर्शी समाज, राजनीति र प्रशासन खोज्नेहरूको प्रश्नको जवाफ नदिएरै बालेन निर्वाचनको मितिसम्म अडिन सक्लान् ? हामीलाई चाहिएको प्रश्नबाट भाग्ने भगुवा होइन, चुनौतीको सामना गर्ने सबैलाई सम्हालेर लैजाने अगुवा हो । निष्पट्ट कालो/अँध्यारोमा रम्ने लाटोकोसेरो होइन, औंशीको निष्पट्टताबीचमा पनि उज्यालोको धिपधिपे देखाउने जुनकिरी चाहिएको हो । समस्याहरूसँग लुक्ने लुकुवा होइन, मार्ग देखाउनसक्ने पथ प्रदर्शकको खोजी हो । पुराना भनिएका दल र नेता, तिनले गरेका निर्णयमा आलोचनात्मक चेत राखेर विवेचना नगर्ने पंक्तिका कारण अधोगतिमा पुग्यो । अब नयाँ भनिएका पात्र र दलहरूप्रति उसैगरी अन्धता अर्पण गर्नेहरू छन् । हिजो स्कूल, कलेज र विश्वविद्यालयमा राजनीतिको पुल्ठो सल्काउने युवा हुन् वा आज सामाजिक सञ्जाल र इन्टरनेटमा आगो झोस्ने सांख्यिकीकृत (डिजिटलाइज) जमात ती दुवैमा एकैखाले वैचारिक अर्बूद (क्यान्सर) सल्किएको देखिन्छ । यो अन्धभक्तिवाला समर्पणले समाजलाई तुष्टीकरणमा मात्र लैजानेछ । सुधारमा होइन । समझमा होइन । सत्यानाश यसको गन्तव्य हुनेछ । नागरिकको मत लिन लामवद्ध उम्मेदवारहरू नागरिकका प्रश्नको जवाफ दिँदैनन् र पारदर्शिता तिनका गोजीको सुपारी ठान्छन् भने त्यसले समाजलाई अँध्यारो सुरुङ र अनिश्चित भविष्यतिर धकेल्नेछ । प्रश्न सोध्ने जनताभन्दा म माथि हुँ भन्ने घमण्ड तिनले बोक्छन् भने ती लोकतान्त्रिक व्यवस्थालाई सिँढी बनाएर यही व्यवस्थाको हत्या गर्न उद्दत हुनेछन् ।
पुराना नेताले गरेको राज्यदोहन र बेथितिबाट निराश मतदाताले पनि के बझ्न जरुरी छ भने, तानाशाह सधैं बल प्रयोग गरेर उदाउँदैन । जनताको थकान, निराशा र भ्रमको फाइदा उठाउन उद्धारकर्ता बनेर निम्तन्छ । अहिले हाम्रो समाजमा सबै उस्तै हुन् भन्ने भावना छ । बेरोजगारी, ऋण र वैदेशिक पलायनले छिन्नभिन्न पारेको छ । दण्डहीनता र ठूला शक्तिवालाहरू कानुनको छिद्र प्रयोग गरेर उम्किरहँदा न्याय निमुखालाई होइन पहुँचवालाई भन्ने भएको छ । संविधान र संस्थाप्रतिको थकानले गणतन्त्रले पनि केही दिएन भन्ने धारणा व्याप्त छ । आक्रोश यस्तो छ कि चाँडो समाधानका नाममा सबैमा एउटा 'जंगबहादुर' वा 'हिटलर' खोजी छ । यही अवस्था हो, तानाशाही सोचका लागि उर्वर बिन्दु । फागुन २१ को निर्वाचनबाट कुनै तानाशाह उदाउने सम्भावना त न्यून छ । तर, विचार नपुऱ्याए संवैधानिक छिद्र, वैदेशिक चासो र निराशाको व्यापकतामा भएको संवैधानिक प्रबन्ध र व्यवस्था चकनाचुर नहोला भन्न सकिन्न । कोतरिएको संविधान, सञ्चारमाध्यम, नागरिक समाज, अन्तर्राष्ट्रिय निगरानी त जीवित छन् तर, संकटमा मुकदर्शक बन्ने सुरक्षा निकायको ध्येय के ? भन्ने निश्चित छैन । कोही बताउन सक्दैन । प्रणालीमा सुधारभन्दा एक व्यक्तिकेन्द्रित समाधान खोज्ने सोचले यो बाटो उर्वर बनाउन सक्छ । उदारवादी राज्य व्यवस्थाका आधार मानिने संसद, दल, प्रेस, नागरिक समाजलाई बाधक मानेर हालैका महिनाहरूमा गरिएका हमला कम्ती योजनावद्ध होइनन् । कानूनी सीमा र विधिलाई लत्याउँदै लोकप्रियतालाई मात्र मानक मान्नेहरूको जगजगी अधिनायकत्व खोजी गर्नेहरूका लागि सिमखेत हो । भीडलाई विवेकले तान्ने होइन त्यसैको समर्थनलाई नैतिक वैधता ठान्ने प्रवृत्ति अर्को खतरनाक संकेत हो । विवेक गुमाउने र भीडको लहैलहैमा लतारिने व्यक्ति नेता चुनिएमा उसले त्यही जनमत अर्थात् चुनावको गणित देखाएर अधिनायकत्वतर्फ समाज र मुलुकलाई घिसार्ने छ । इतिहासमा हिटलर, मुसोलिनी, चाभेज, दुतेर्ते, ओरबान जस्ता अधिनायक नेता जन्मँदा पनि समाज थाकेको थियो । लामो संक्रमण, असफल सुधार, दोहोरिँदो निराशा र लोकतन्त्रले समय खेर फाल्यो भन्ने आम अनुभूति थियो । थोरै स्वतन्त्रता जाओस् तर व्यवस्था चलोस् भन्ने सोच तथा मानवअधिकारलाई आयातित सुविधा ठानिन्थ्यो । पुराना दल, पत्रकार(मिडिया), बुद्धिजीवीलाई शत्रु करार गर्नुका साथै समावेशी स्थान खोज्नेहरूलाई 'राष्ट्रविरोधी' भनेर ट्याग लगाइन्थ्यो । कानुन होइन, भीडको ताली नै न्यायिक भन्ने भाष्य र व्यवहार निर्माण । आलोचना गर्नेहरूलाई देशद्रोही करार गरिने र सत्य-तथ्यभन्दा आक्रोश, डर र गर्व प्रधान मानिने हुँदा गलत सूचना र अफवाहले राजनीति चलाउँछ । हाम्रो समाजमा पनि 'मानवअधिकारले देश बिगाऱ्यो', 'कडा शासन चाहियो', एउटा त्यस्तो व्यक्ति आओस् र सबै मिलाइदिओस् भन्ने भाष्य तानाशाहलाई आमन्त्रण पत्र हो । त्यसैले फागुन २१ को निर्वाचनले एकैचोटी तानाशाह जन्माइ त नहाल्ला तर, अधिनायकवादी सोचलाई वैधता दिन सक्ने र संस्थाभन्दा व्यक्ति बलियो बनाउने ढोका खोल्ने गम्भीर खतरा छ ।

कृषि तथा वन विज्ञान विश्वविद्यालय
कृषि संकाय

### प्राकृतिक स्रोत व्यवस्थापन कलेज

बर्दिवास न.पा.-०६, किसाननगर, महोत्तरी

**Landscaping Works of CNRM, Bardibas को निर्माण कार्य सम्बन्धि सिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

कृषि तथा वन विज्ञान विश्व विद्यालय, कृषि संकाय अन्तर्गत संचालित प्राकृतिक स्रोत व्यवस्थापन कलेज बर्दिवास, महोत्तरीको निर्माणाधीन शैक्षिक भवन स्थलमा तपसिल अनुसारको निर्माण कार्य गर्नु पर्ने भएको हुनाले उक्त कार्य गर्न इच्छुक भ्याटमा दर्ता भएका रजिष्टर्ड फर्म, कम्पनी वा निर्माण व्यवसायीहरुले आवश्यक कागजपत्र सहित (भ्याट दर्ता प्रमाणपत्र, आ.व. २०८१/८२ को करचुक्ता प्रमाणपत्र, इजाजत प्राप्त प्रमाणपत्र, नविकरण प्रमाणपत्रको प्रतिलिपि) १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा सिलबन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । Specifications सहितको दरभाउपत्र फाराम यस कलेजको लेखा शाखा वा नेपाल बैंक लिमिटेड, रामपुर शाखा, चितवनमा **College of Natural Resource Management** को नाममा रहेको च.हि.नं. ०८५००१०७५४५६९२००००१ मा रकम रू.१,०००/- (फिर्ता नहुने गरी) जम्मा गरेको सक्कलै भौंचर पेश गरी प्राप्त गर्न सकिनेछ । दरभाउपत्रदाताले दरभाउपत्र जमानत रकमरू. १५,०००/- (अक्षेरुपी पन्ध्रहजार मात्र) यस कलेजको माथि उल्लेखित खातामा रकम दाखिला गरेको सक्कलै बैंक भौचर वा ७५ (पच्चहत्तर) दिनको मान्य अवधि रहने गरी राष्ट्र बैंकको मान्यता प्राप्त बैंकले जारी गरेको बैंक जमानत (बैंक ग्यारेण्टी) सिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ । दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेको खण्डमा त्यसको लगतै कार्यालय खुलेको दिन र समयमा दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोलिने छ । रित नपुगी, म्याद नाघि वा कुनै शर्त राखि प्राप्त दरभाउपत्र उपर कुनै कारवाही हुने छैन । तोकिएको म्यादभित्र रितपूर्वक प्राप्त सिलबन्दी दरभाउपत्रहरु सूचना प्रकाशित मितिले १६ औं दिन (२०८२/१०/२९गते) मा दिनको अपरान्ह १:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति वा अनुपस्थितिमा यस कलेजमा खोलिनेछ । सिलबन्दी दरभाउपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । यस सम्बन्धमा थप कुनै कुरा बुझ्न परेमा यस कलेजको प्रशासन शाखावा सम्पर्क नं. ९८४२०८५८३९, ९८४५२९३५२३ र ९८४१९८१९३५ मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

| क्र.सं. | दरभाउपत्र नं. | निर्माण कार्यको विवरण | जमानत रकम रु. | अनुमानित लागत रकम मु.अ.कर सहित रु. |
|---|---|---|---|---|
| १. | ०१।२०८२।८३ | Landscaping Works of CNRM, Bardibas | १५,०००/- | ५,९८,३४८।६० |

**प्रिन्सिपल**

प्रतिनिधिसभा निर्वाचन

# मधेस प्रदेशमा ५८ जना जेन-जी उम्मेदवार




**द पब्लिक टुडे समाचारदाता**
**जनकपुरधाम, माघ १३ गते ।**
जेनजी आन्दोलनपछि हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचनमा मधेस प्रदेशबाट ५८ जना जेनजी पुस्ताका युवा उम्मेदवार बनेका छन् । उम्मेदवारमध्ये दुई जना महिला र ५६ जना पुरुष छन् ।
निर्वाचन आयोगको तथ्यांकअनुसार जेनजी पुस्ताका ४१ जना स्वतन्त्र उम्मेदवार छन् भने १२ वटा राजनीतिक दलबाट १७ जना उम्मेदवार चुनावी मैदानमा उत्रिएका छन् ।
उज्यालो नेपाल पार्टी र जनमत पार्टीले तीन-तीन जना जेनजी पुस्ताका युवालाई उम्मेदवार बनाएका छन् भने श्रम संस्कृति पार्टीले दुई जनालाई उम्मेदवार बनाएको छ ।
यसैगरी नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाली कम्युनिष्ट पार्टी (नेकपा), आम जनता पार्टी (एकल चुनाव चिन्ह), जन अधिकार पार्टी, जनता लोकतान्त्रिक पार्टी नेपाल, नेपाल मजदुर किसान पार्टी र नेपालका लागि नेपाली पार्टीले एक-एक जना जेनजी पुस्ताका युवालाई उम्मेदवार बनाएका छन् ।
उज्यालो नेपाल पार्टीले सिरहा क्षेत्र नम्बर ३ बाट २६ वर्षीय श्रवण पासवान, महोत्तरी क्षेत्र नम्बर १ बाट २८ वर्षीय मनोज कुमार गुप्ता र रौतहट क्षेत्र नम्बर २ बाट २५ वर्षीय रामाकान्त प्रसाद पटेललाई उम्मेदवार बनाएको छ ।
जनमत पार्टीले महोत्तरी क्षेत्र नम्बर १ बाट २७ वर्षीय विरेन्द्र महतो, रौतहट क्षेत्र नम्बर २ बाट २८ वर्षीय सोनु कुशवाहा र रौतहट

*- बाँकी पृष्ठ ३ मा*

# धनुषाका १९४ मतदानस्थल अतिसंवेदशनशील

**जनकपुरधाम, माघ १३ गते ।**
जिल्ला प्रशासन कार्यालय धनुषाले यहाँका १९४ मतदानस्थल अतिसंवेदशनशील रहेको जनाएको छ । जिल्लामा रहेका ३२२ मतदानस्थलमध्ये १९४ अति अतिसंवेदशनशील,१०६ वटा संवेदशनशील र २२ वटा सामान्य सूचीमा वर्गीकरण गरिएको कार्यालयको भनाइ छ । जिल्लामा मतदान केन्द्रको सङ्ख्या ६४५ छ ।
खुल्ला सीमा नाका, बढी मतदाता, विगतका निर्वाचनमा मतदानको वर्षमा भएको विभिन्न किसिमको उत्पन्न समस्याका कारण मतदानस्थलहरुको वर्गीकरण गरिएको प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले जानकारी दिए । एक मतदान केन्द्रमा १० देखि १२ जना सुरक्षाकर्मी परिचालन गरिने उनले बताए । प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा सबै सुरक्षा प्रमुखको सहभागितामा




अति संवेदनशील मतदानस्थलको मंगलबार पनि अनुगमन गरिएको छ । नेपाल-भारतको सीमानासँग जोडिएको मतदानस्थलको अनुगमन भइरहेको धनुषाका प्रमुख जिल्ला अधिकारी लुइँटेलले जानकारी दिए । मधेस प्रदेश निर्वाचन कार्यालयका अनुसार धनुषाका चार निर्वाचन क्षेत्रमा पाँच लाख १४ हजार ५७१ जना मतदाता छ । जसमा पुरुष दुई लाख ७६ हजार १२६ जना, महिला दुई लाख ३८ हजार ४३५ र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक (अन्य) १० जना मतदाता छन् ।
सो निर्वाचनमा ६ हजार ५ सय कर्मचारी खटिनेछ । खटिने कर्मचारीको विवरण सङ्कलन भइरहेको छ । प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि धनुषामा चारवटा निर्वाचन क्षेत्रमा १४२, क्षेत्र नं २ मा ३४, क्षेत्र नं ३ मा ४५ र क्षेत्र नं ४ मा ३७ जना उम्मेदवार छन् । रासस

# गणपति डिलक्स बसको उत्खनन स्थगित

**तनहुँ, माघ १३ गते ।**
तनहुँको आबुखैरेनी गाउँपालिका-५ दोन्द्राङवेसीस्थित त्रिशुली नदीमा किनारमा भेटिएको गणपति डिलक्स बसको उत्खननकार्य मंगलबारदेखि स्थगित गरिएको छ ।
उत्खनन सुरु भएको १७औँ दिनमा स्थगित गर्ने निर्णय गरिएको सहायक प्रमुख जिल्ला अधिकारी दीपक रेग्मीले जानकारी दिए । बसको केही भाग पानीबाट निकालिएको र बाँकी भाग निकाल्न समस्या भएपछि काम रोक्ने निर्णय गरिएको उनले बताए ।



गत पुस २६ गते त्रिशूली नदीमा बस भेटिएपछि पुस २७ गतेदेखि सुरु गरिएको उत्खनन कार्यको सोह्रौं दिन सोमबार बसभित्र मानव कङ्काल भेटिएको थियो । बसको भित्री भागबाट मानव कङ्काल भेटिएको र यस सम्बन्धमा थप अनुसन्धान भइरहेको सहायक प्रमुख जिल्ला अधिकारी रेग्मीले बताए ।
२०८१ असार २८ गते चितवनको भरतपुर महानगरपालिका-२९ अन्तर्गत सिमलताल क्षेत्रमा गएको लेदोसहितको पहिरोमा परी काठमाडौंबाट गौरतर्फ जाँदै गरेको बागमती प्रदेश ०३-००१ ख २४९५ नम्बरको 'गणपति डिलक्स' बस नदीमा हराएको थियो । उक्त बस गत पुस २६ गते तनहुँतर्फ नदी किनारमा भेटिएको थियो । रासस

## बाह्य विज्ञापन (होर्डिङ्ग बोर्ड) राख्दा ध्यान दिऔं।

- बाह्य विज्ञापन (होर्डिङ्ग बोर्ड) राख्न र त्यसमा विज्ञापन गर्न स्थानीय तहको अनुमति लिऔं ।
- अनुमति लिंदा होर्डिङ्ग बोर्ड राख्ने स्थान र आकार प्रकारबारे उल्लेख गरौं।
- होर्डिङ्ग बोर्ड राख्न उपयुक्त भए नभएको स्थानीय तहले जाँचबुझ गरेरमात्र अनुमति प्रदान गरौं।
- शहर तथा घना वस्तीमा होर्डिङ्ग बोर्ड राखिने भएकोले जिउ धनको क्षति हुने/नहुने प्राविधिक निरीक्षण गराऔं।
- अनुमति दिंदानै तोकिएको शुल्क प्राप्त गरौं।
- बाह्य विज्ञापन गर्दा अनुमति शुल्क, नविकरण शुल्क, बहाल वा बहालकर तथा विज्ञापन कर संकलन गरौं।
- बाह्य विज्ञापनलाई स्थानीय तहको आम्दानीको स्रोतको रुपमा विकास गरौं।
- बाह्य विज्ञापनको लागि विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ अनुरुप स्थानीय तहले विज्ञापन ऐन निर्माण गरौं।

स्थानीय तहको आम्दानी बृद्दि गरौं, गाउँ तथा शहर सुन्दर बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## कर्मचारी आवश्यकता

मधेश प्रदेशको न्यमि क्तबच कम्पनीको जुत्ता चप्पलको अधिकृत विक्रेता S.B.Sales and Suppliers बर्दिवासका लागि केही कर्मचारी आवश्यकता भएको हुनाले इच्छुक व्यक्ति तुरुन्त सम्पर्क राख्नुहोला ।

| | |
|---|---|
| पद : सेल्स मार्केटिङ्ग<br>संख्या : १ जना (पुरुष)<br>योग्यता : +२ उत्तिर्ण | पद : स्टोर किपर<br>संख्या : १ जना (पुरुष)<br>योग्यता : +२ उत्तिर्ण |

**तलब :** आपसी सम्झदारीमा तय गरिनेछ ।
**नोट :** मोटरसाईकल लाईसेन्स भएको, सम्बन्धीत काममा अनुभवी र स्थानीयलाई विशेष प्राथमिकता दिइनेछ ।

सम्पर्क :
**S.B.Sales & Suppliers**
बर्दिवास-१, महोत्तरी
मो.नं.- ९८२३४९१९२१, ९८४४३६१५८८

## अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

# शुभ स्वस्तिक हस्पिटल प्रा.लि.

मेनरोड बर्दिवास, महोत्तरी
044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादकः सन्तकुमार क्षेत्री